STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १८ गते शनिबार ❑ 4 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा विमानस्थलको ८५ प्रतिशत निर्माण कार्य सम्पन्न

### पोखरा विमानस्थल छिटो संचालन हुने गरी काम गर्न पर्यटन मन्त्री आलेको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेले पोखरामा अन्तराष्ट्रिय क्षेत्रिय विमानस्थल जति सक्दो छिटो संचालन हुने गरी आवश्यक तयारी गर्न निर्देशन दिएका छन् ।

शुक्रबार मन्त्री आलेले पोखरामा निर्माण हुदै गरेको पोखरा विमानस्थलको अध्ययन तथा अवलोकन गर्दै पोखरा विमानस्थलमा देखिएको प्रमुख समस्यालाई सरोकारवालासंग छलफल गरी जति सक्दो छिटो हल गर्न निर्देशन दिएका हुन् । राष्ट्रिय गौरवको योजनाको निर्माण कार्य सकिन लाग्दा हाल देखिएको केही समस्यालाई हल गर्न राजनीति पार्टी कर्मचारी र स्थानियको समेत महत्वपूर्ण भुमिका खेल्नुपर्ने उनको भनाई थियो । पोखरा क्षेत्रिय अन्तर्राट्रिय विमानस्थल निर्माण आयोजना प्रमुख विनेस मुनानकर्मीले विमानस्थलमा हाल ड्रेनको समस्या, रिठ्ठे पानी डाँडा कटान, पोखरा विमानस्थलबाट १३ किलोमिटर टाडाको दुरीमा ल्याण्डफिल्ड साइड स्थापना गर्नुपर्ने मुख्य चुनौती भएको मन्त्री समक्ष गुनासो गरेका थिए । जलश्रोत तथा सिंचाई डिभिजन कार्यालयका व्यत्तिलाई नवोलाएकोमा मन्त्री आलेले कर्मचारीलाई झपार्दै सम्बन्धित पक्षलाई नवोलाईकन कसरी समस्या समाधान हुन्छ भन्दै हाल देखिएको समस्या समाधान गर्न आग्रह गरेका हुन्।

पोखरामा ठुलो पानी पर्दा पोखरा विमानस्थलमा भल पानी आउने गर्दा हाल ड्रेनबाट भलपानीको उचित व्याबस्थापन गर्नुपर्ने प्रमुख मुनानकर्मीलेबताए । वन तथा वातारण मन्त्रालयमा आफु हुदा नै रिठ्ठे पानी डाडाँ कटानको बिषयमा फाइल माग गरेको मन्त्री आलेले जनाए । कर्मचारीको र राजनीति कारण यस्ता योजना प्रभावित हुने गरेको उनको भनाई थियो । करिब २२ अर्बको परियोजना पोखरा विमानस्थल निर्माणको हालसम्म करिब ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको आयोजना प्रमुख मुनानकर्मीले जनाए ।

गत बर्ष पहिलो लहरको कोरोना र यस चालु आर्थिक बर्षमा पनि दोश्रो लहरको कोरोनाको कारणले गर्दा कामदार तथा निर्माण सामाग्री समयमै व्यबस्थापन गर्न नसक्दा निर्धारित समय सिमा भित्र उक्त परियोजना सम्पन्न गर्न कठिन भएसंगै ६ महिनाको समयको म्याद थप समेत भएको उनले जनाए । सन् २०२१ को जुलाई १० अर्थात यही असार २६ गते भित्र पोखरा विमानस्थल निर्माण कार्य सम्पन्न हुने गरी चाइनाको सि.ए.एम.सी. कम्पनीले जिम्मा लिए पनि कोरोनाको कारणले गर्दा समय सिमा भित्र नसकिएकोले गर्दा कम्पनीले ६ महिना समय थप गर्न प्रश्ताव गरेको थियो । पोखरामा हाल निर्माण भएको २ हजार ५ सय मिटर लम्बाईको रनवे, रनवेको चौडाई भने ४५ मिटरको रिजीट कंक्रिट पेभमेन्टको आधारमा पोखरा विमानस्थलको धावनको मार्ग अन्य क्षेत्रको भन्दा फरक भएको आयोजनाको दाबी छ । ४१७/१२९ मिटरको क्षेत्रफलको अन्तराष्ट्रिय एप्रोन हाल निर्माण भए पनि भविश्यमा पुनः विस्तार गर्ने योजना अनुरुप १५०/१५२ मिटरको जग्गा समेत व्यबस्थापन गरिएको मुनानकर्मीले बताए । ८ हजार अन्तराष्ट्रिय र ६ हजार जसो आन्तरिक पर्यटकहरुको लागि, कन्ट्रोल टावर १ सय १७ मिटरको, फायरफाइटिङ क्याटगोरी एटको साथमा एउटा एम्बुसेन्स समेत व्यबस्था गर्ने उनले जनाए ।

## अपांगता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अपांगता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितताका लागि प्रदेश सरकार सदा प्रतिबद्ध रहेको बताएका छन् ।

अपांगता भएका व्यक्तिहरुको ३० औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले शिक्षा, स्वास्थ्य तथा रोजगारीमा सबै प्रकारका अपांगता भएका व्यक्तिहरूको समान पहुँच स्थापित गर्न सरकारले काम गर्दै आएको उल्लेख गरेका छन् ।

अपांगतामैत्री संरचना, अपांगता समावेशि नीति कानुन, पहुँचयुक्त सूचना प्रविधि, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रक्रियामा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता, राजनीतिक अधिकारको सुनिश्चितताका लागि सरकार प्रतिबद्ध रहेको पनि उनले उल्लेख गरेका छन् । ३ डिसेम्बरका दिन मनाइने यस दिवसको अन्तर्राष्ट्रिय नारा 'लिडर एन्ड पार्टिसिपेसन अफ पर्सन विथ डिसाबिलिटिज टुवार्ड एन इन्क्लुसिभ एक्सेसिबल एन्ड सस्टेनेबल पोस्ट कोभिड १९ वर्ल्ड' छ । नेपालमा 'हाम्रो प्राथमिकताको आधार, अपांगता भएका व्यक्तिको अधिकार' नाराका साथ यो दिवस मनाउन लागिएको छ । कोभिड - १९ र त्यसपछि सिर्जित समस्याका कारण अपांगता भएका व्यक्तिहरुको दैनिक जीवन अत्यन्तै कठिनपूर्ण रहेको भन्दै मुख्यमन्त्री पोखरेलले यस्तो परिस्थितिमा स्वास्थ्य, शिक्षा र रोजगारी जस्ता आधारभूत विषयमा पहुँच बढाउन जरुरी रहेको बताउनुभएको छ । सन्देशमा उल्लेख छ, ' अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि २००६, नेपालको संविधान र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा उल्लेखित अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरमा बन्ने नीति, ऐन, नियम, कार्यक्रम तथा योजनामा अपांगता क्षेत्रको सहभागिताका गण्डकी सरकार प्रतिबद्ध छ।' यस प्रदेशमा अपांगता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धनका लागि क्रमिकरुपमा काम भइरहेको मुख्यमन्त्रीको भनाइ छ । अपांगताको सवाल कुनै खास मन्त्रालय वा कार्यालयको मात्र नभई विकासको एक प्रमुख र साझा सवालकारुपमा स्वीकार गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समावेश गराउन पहुँचयुक्त वातावरणको निर्माण गर्नु पर्नेमा मुख्यमन्त्री पोखरेलले जोड दिएका छन् । गण्डकी प्रदेशमा अपांगता अधिकार सम्बन्धी नीतिको मस्यौदा भएर जारी हुने अन्तिम चरणमा रहेको उनले उल्लेख गरे । उनले भनेका छन्, 'प्रदेशस्तरीय शिक्षा र स्वास्थ्य नीति बनिसकेको छ । शिक्षा, स्वास्थ्य तथा रोजगारीमा सबै प्रकारका अपांगता भएका व्यक्तिहरूको समान पहुँच स्थापित गर्न अपांगतामैत्री संरचना, अपांगता समावेशि नीति कानुन, पहुँचयुक्त सूचना प्रविधि, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रक्रियामा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता, राजनीतिक अधिकारको सुनिश्चितताका लागि सरकारले काम गर्दै आएको छ।'

अपांगता भएका व्यक्तिहरुको विकासका सबै आयामहरुमा हुने समावेशीकरण र अर्थपूर्ण सहभागिताले मात्र उनीहरुको सवाल प्राथमिकतामा पर्ने र नीति, कानुन, ऐन अपांगता समावेशी हुन सक्ने विषयमा प्रदेश सरकारले विशेष ध्यान दिँदै आएको उनको दाबी छ । मुख्यमन्त्री पोखरेलले अपांगताका विषयलाई प्रादेशिक नीति र योजना निर्माणमा प्रमुख सवालको रूपमा लिइने र प्रदेश विकास परिषद् र प्रदेश समन्वय परिषद्का बैठकहरूमा छलफलका विषय बनाइने बताएका छन् । उनले ऐन अनुसार गठन भएको प्रदेशस्तरीय अपांगता निर्देशन समितिलाई स्रोत र साधनयुक्त बनाई परिचालन गरिने प्रतिबद्धता पनि जनाएका छन् ।

पहुँचयुक्त तथा अपांगता समावेशी प्रदेश निर्माण गर्ने दायित्व हामी सबैको हो भन्दै उनले यसमा गण्डकी प्रदेश सरकार अपांगतामैत्री प्रदेश निर्माणको लागि आधार तयार गर्नेतर्फ उन्मुख हुनेप्रतिबद्धता जनाए । प्रदेश सरकार मातहतका सबै सरोकारवालाहरुलाई अपांगताको सवालहरुप्रति थप सम्वेदनशील बन्नका लागि मुख्यमन्त्री पोखरेलले अनुरोध समेत गरेका छन् । अपांगताको सवाल मानव अधिकार र विकास हो भन्दै सन्देशमा उल्लेख छ, 'यो हामी सबैको साझा सरोकारको सवाल पनि हो । यस महत्वपूर्ण दिवसले यस क्षेत्रका सरोकारवाला, अपांगता भएका व्यक्तिहरु र उनीहरुका अभिभावक र सम्बन्धित सबैमा थप क्रियाशील बन्न उत्प्रेरणा मिलोस् भन्ने आशासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

## 'ढुक्क हुनुहोस् पोखराको रत्नमन्दिर र हिमागृह छिट्टै खुल्छ' -मन्त्री आले

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

संस्कृति पर्यटन तथा नागरिक उडड्न मन्त्री प्रेमबहादुर आलेले पोखराको पर्यटन विकाससँगै रत्नमन्दिर र हिमागृह जसरी पनि खोल्न पहल गर्ने बताउनुभएको छ ।

पोखरा पर्यटन परिषद् का २२ औं साधारण सभाको उद्घाटन कार्यक्रममा मन्त्री आलेले आफू पर्यटन विकास गर्नकै लागि मन्त्रीको जिम्मेवारी लिएको जनाउँदै पर्यटकीय नगरी पोखराको पर्यटनमा विशेष चासो दिने बताउनुभयो । उहाँले भन्नुभयो " मैले पोखराको रत्नमन्दिर हिमागृह खुाल गर्ने विषयमा धेरै समाचार पढें र यहाँ आउनु अघि पनि रक्षामन्त्रीसँग यसबारेमा बुझ्न प्रयास गरें, के कारणले खुल्न नसकेको हो, म काठमाडौं गएर बुझ्छु र छिट्टै खोल्न पहल गर्छु, ढुक्क हुनुहोस् म खुलाउँछु ।"



मन्त्री आलेले पर्यटन क्षेत्रका पूर्वाधार विकासका लागि संस्थागत सेटिङबाट हुने गरेको भ्रष्टाचार न्यूनिकरणका लागि आफूले विशेष पहल थालेर अगाडि बढेको बताउनुभयो । उहाँले पोखरा विमानस्थल सञ्चालनका लागि आवश्यक रिठेपानीको डाँडा कटान लगायतका समस्यालाई गम्भिर रुपमा लिएको र त्यसको समाधानको लागि आफू प्रतिवद्ध रहेको बताउनुभयो ।

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणीभद्र शर्मा कँडेलले पोखरामा पर्यटन क्षेत्रको समस्याको बारेमा आफू अवगत रहेको जनाउँदै नीति बनाएर यसको समाधानको लागि पहल गरिरहेको जानकारी दिनुभयो । उहाँले संघीय पर्यटन ऐन बनेपछि प्रदेशको ऐन बनाउन सहज हुने जनाँउदै त्यो गाँठो फुकाउन संघीय मन्त्रीलाई ध्यानाकर्षण गराउनुभयो । उहाँले नीजि क्षेत्र प्रोत्साहन गर्ने प्रदेशको नीति रहेको जनाउँदै पर्यटन विकासमा नीजि क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

कार्यक्रमा पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादुर भटराईले पर्यटन विकासमा राज्यले स्पष्ट नीति बनाएर अगाडि बढ्न नसक्दा यस क्षेत्रका व्यवसायी निराश भएको बताउनुभयो । उहाँले विमानस्थल सञ्चालनकालागि रिठेपानीको डाँडा, ल्याण्ड फिल र नहर समस्या प्रमुख रहेको भन्दै छिटो भन्दा छिटो यसको समाधान गरेर पोखराबाट पहिलो अन्तराष्ट्रिय उडान गराउनुपर्ने जोड दिनुभयो । अध्यक्ष भट्टराईले पर्यटन मजदुरका लागि जम्मागरिएको टिम्सको रकम मजदुरको लागि खर्च गर्नुपर्ने, विभिन्न पदमार्गमा मल्टिपल इन्ट्रि, पदमार्ग संरक्षणसँगै व्यवसायीलाई पाँच प्रतिशतमा ऋण प्रवाह गर्नुपर्ने र बैंकले दुई वर्षसम्म किस्ता व्याज भुक्तानको समय दिनुपर्ने लगायतका विषयमा सुनुनाई नभएको भन्दै मन्त्रीलाई ध्यानाकर्षण गराउनुभएको थियो ।

गण्डकी प्रदेशका प्रदेशसभा सदस्य राजीव पहारीले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेर यहाँका प्राकृतिक सुन्दरतालाई व्यवस्थित गरेर अगाडि लानुपर्नेमा जोड दिनुभयो । उहाँले पोखराको फेवाताल विश्वको १३ औं सुन्दर तालमा पर्ने जनाउँदै फेवाताल मापदण्डको विषयलाइ टुंग्याएर सौन्दर्यकरण ध्यान दिनु पर्ने उहाँको भनाइ थियो । सो अवसर जर्जियाका लागि नेपालका पर्यटकीय सद्भावना दूत दिपक पहारी, नमस्ते सामुदायिपक प्रतिष्ठान नेपालका अध्यक्ष भिष्मराज पौडेल र रेवानका पूर्व महासचिव श्रीराम गिरीको पहलमा नेपाल एशोसियशन जर्जिया र नेपाली कल्चर सेन्टरले कोरोनाको समयमा विशेष राहत र स्वास्य सामग्री सहयोग गरेको भन्दै सम्मान गरिएको थियो । सम्मान पश्चात आफ्नो धारण राख्दै पहारीले नेपालमा एनआरएनका परिवारका सदस्य नेपालमा आएर लामो समय विताउन मन पराउने उल्लेख गर्दै पर्यटन विकासका लागि उनीहरुको आतिथ्यतालाई पनि प्राथमिकता दिन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, पोखरा उद्योग बाणिज्य संघका उपाध्यक्ष पवन प्रजापति लगायतले पर्यटन क्षेत्रमा आफ्नो क्षेत्रबाट गर्न सक्ने सहयोग र साझेदारीका बारेमा धारणा राख्नुभएको थियो । कार्यक्रमको वन्द सत्रमा महासचिव रामचन्द्र शर्माले संस्थाको प्रगति प्रतिवेदन कोषाध्यक्ष कृष्ण काफ्ले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो उपाध्यक्ष पोमनारायण श्रेष्ठले जानकारी दिनुभयो ।

## कांग्रेस गण्डकी प्रदेशको सभापतिमा शर्मा र जोशीको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत शुक्रबरा पोखरामा भएको गण्डकी प्रदेश कार्यसमितिको उम्मेदवारी मनोनयनमा सभापति पदमा शुक्रराज शर्मा र अर्जुनप्रसाद जोशीको उम्मेदवारी परेको छ । कार्यसमितिको उपसभापतिमा दुई पदका लागि मेखलाल श्रेष्ठ, नेत्रबहादुर महत, हरिप्रसाद श्रेष्ठ र कल्पना तिवारीको उम्मेदवारी परेको छ।

त्यस्तै महामन्त्री दुई पदका लागि कुमार खड्का, ईश्वर पाण्डे, किरणबाबु श्रेष्ठ र विष्णुप्रसाद लामिछानेको उम्मेदवारी परेको निर्वाचन समितिका सदस्य विष्णुकुशल भुजेलले जानकारी दिनुभयो ।

सहमहामन्त्री एक महिलामा ओमकला गौतम र कोपिला रानाभाटको उम्मेदवारी परेको छ भने सहमहामन्त्री खुल्ला सदस्य दुई पदका लागि छ जनाको उम्मेदवारी परेको छ।

अधिवेशनले सभापति, उपसभापति महमन्त्री, सहमहामन्त्रीका साथै सदस्यमा प्रत्यक्ष जिल्लाबाट खुल्ला तथा महिला ११/११, आदिवासी जनजाती खुल्ला पाँच, मधेशी एक, दलित महिला र खुल्ला दुई/दुई, थारु एक, मुस्लिम एक, खस आर्य महिला तथा खुल्ला चार/चार, आदिवासी जनजाति महिला पाँच, दलित खुल्ला दुई, अपाङ्गता भएका/अल्पसङ्ख्यक एक जनासहितका सदस्य निर्वाचित गर्ने निर्वाचन समितिले जनाएको छ।



# स्याङ्जाका तीन पालिकामा भैँसी जोन कार्यक्रम

**पोखरापत्र संवाददाता**
**वालिङ, १७ मंसिर**

स्याङ्जाका तीन पालिकामा भैँसी व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सञ्चालन भएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्याङ्जाअन्तर्गत जिल्लाका वालिङ, गल्याङ र भिरकोट नगरपालिकामा भैँसी जोन कार्यक्रम सञ्चालन भएको हो। जोनअन्तर्गत वालिङ नगरपालिकाका १४ वटा वडा, गल्याङ नगरपालिकाका छवटा र भिरकोट नगरपालिकाका छ गरी कूल २६ वडामा यो कार्यक्रम सञ्चालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्याङ्जाका कार्यालय प्रमुख माधव लम्सालले जानकारी दिनुभयो। वालिङ नगरपालिकाका-१ देखि १४ वटै वडा, गल्याङ नगरपालिकाका १, २, ८, ९, १०, ११ र भिरकोट नगरपालिकाका १, २, ४, ५, ६, ७ नं वडामा उक्त कार्यक्रम सञ्चालन हुने भएको हो। समग्रमा कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसर सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने परियोजनाको लक्ष्य रहेको प्रमुख लम्सालले बताउनुभयो। उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरूको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशीला तयार गर्ने, जोन तथा आसपासका क्षेत्रमा रोजगारी सिर्जना गर्ने मुख्य उद्देश्य छ। गत वर्ष फागुनमा नमूना साना किसान कृषि सहकारी संस्था लिमिटेडले भैँसी जोन कार्यक्रम माग गरेकामा प्राविधिक कार्यदलले वालिङ, गल्याङ र भिरकोट नगरपालिकाको फिल्ड अनुगमन गरी अध्ययन एवं प्राविधिक प्रतिवदेन पेश गरेको प्रमुख लम्सालले बताउनुभयो।

प्रमुख लम्सालका अनुसार जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको बैठकबाट प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिमा अनुमोदन एवं सिफारिसका लागि पेश गर्ने निर्णय गरेको थियो। परियोजना निर्देशक समितिको बैठकले आर्थिक वर्ष २०७८/७९ देखि सञ्चालन हुने गरी भैँसी जोन कार्यक्रम स्वीकृत गरेको थियो। जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको बैठकबाट प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिमा अनुमोदन एवं सिफारिसका लागि पेश गरी उक्त समितिले निर्धारित क्षेत्रको स्वीकृतिका लागि गत भदौमा अनुमोदन एवं सिफारिस गरेको थियो।

भैँसी जोन कार्यक्रमअन्तर्गत चालु आवमा चिलिङ भ्याट, मिल्क एनालाइजर, डिप फ्रिज, होमोनाइजर, चिलिङ हिटरसहितको दूध सङ्कलन केन्द्र स्थापना सहयोग गर्ने, दूध सङ्कलन तथा ढुवानीका लागि गाडी खरिद, आधुनिक गोठ निर्माण सहयोग गर्ने, गोठ सुधार सहयोग गर्ने, बालीवस्तु विशेष स्थलगत तालिम सञ्चालन गर्ने, जिल्लास्तरमा व्यावसायिक भैँसीपालन तालिम, घाँस उत्पादन कार्यक्रम, कृत्रिम गर्भाधान, पशुरोग व्यवस्थापन, भ्याक्सिन तथा उपचार सहयोग, पशु नश्ल सुधारका लागि भैँसी खरिद सहयोग कार्यक्रम सञ्चालन हुने कार्यालय प्रमुख लम्सालले जानकारी दिनुभयो।

पूण्यप्रसाद अर्यालको संयोजकत्वमा नौ सदस्यीय भैँसी जोन सञ्चालन समन्वय समितिसमेत गठन गरिएको छ।



भद्रकालीमा लघुरुद्रीः पोखरा महानगरपालिका वडा नं. १२/१३ मा अवस्थित श्री भद्रकाली मन्दिर धार्मिक क्षेत्रमा शुक्रबार चर्तुदशीका दिन सत्‌विज छर्ने पवित्र दिनमा मन्दिर व्यवस्थापन समितिले दिव्य लघुरुद्री पूजन कार्यक्रम गर्दै, सोही दिन विभिन्न जिल्लाबाट सयौं भक्तालुहरुको उपस्थित रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले बताए। तस्विरः पोखरापत्र

# नेपाल र कतारबीच श्रम सम्झौता पुनरावलोकन गर्ने सहमति

**रासस**
**काठमाडौं, १७ मंसिर**

नेपाल र कतारबीच श्रम सम्झौता पुनरावलोकन गर्ने सहमति भएको छ। नेपाल-कतार संयुक्त समितिको चौथो बैठकमा सन् २००५ मा भएको श्रम सम्झौता पुनरावलोकन गर्नेलगायत विषयमा सहमति भएको हो।

बैठकमा नेपालको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य कतारमा काम गरेर फर्केका नेपालीको आर्थिक सामाजिक पुनःएकीकरणका लागि नेपालले गर्ने प्रस्तावअनुसार अघि बढ्न कतार पक्षले सहमति जनाएको छ। साथै कतार भिसा सेन्टरलाई थप व्यवस्थित गर्न पनि कतार पक्ष सहमत भएको छ।

नेपालबाट लैजाने श्रमिकको दक्षता वृद्धिका लागि कतार सरकारले सातवटै प्रदेशमा तालिम केन्द्र स्थापना गर्न पनि सहमति जनाएको छ। घरेलु श्रममा लगाइएको प्रतिबन्ध हटाइदिन कतारको टोलीले आग्रह गरेपछि उक्त विषयमा निर्णय गर्न दुईपक्षीय संयुक्त समिति गठन गर्ने र त्यसको सुझावलाई श्रम सम्झौता पुनरावलोकनका क्रममा समेट्ने सहमति भएको छ।

यसअघि कतारको उच्चस्तरीय टोलीले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसहित मन्त्रालयको टोलीसँग श्रम आप्रवासनलाई व्यवस्थित र सुरक्षित बनाउने विषयमा छलफल गरेको थियो। घरेलु श्रममा लगाएको प्रतिबन्ध हटाइदिन कतारको टोलीले आग्रह गरेपछि मन्त्री श्रेष्ठले विभिन्न सरोकारवालासँग छलफल गरी निर्णयमा पुग्ने बताउनुभएको थियो। मन्त्री श्रेष्ठले श्रमिकको सुरक्षा र हितलाई केन्द्रमा राखेर प्रक्रिया अघि बढाइने बताउनुभयो। कतारले घरेलु श्रमिकलाई लैजान जोड दिएपछि यसलाई सही ढङ्गले सम्बोधन गर्न मन्त्री श्रेष्ठले सरोकारवालासँग पनि छलफल गर्नुभएको थियो। यसअघि संसद्‌को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले घरेलु श्रमिक लैजाने देशले सात वटा सर्त पूरा गरे मात्रै अनुमति दिन सरकारलाई निर्देशन दिएको थियो। कतारको उच्चस्तरीय टोलीले नेपालको शर्त पूरा गर्न तयार रहेको प्रतिक्रिया दिएको छ। साथै श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, कार्यस्थलमा सुरक्षा, स्वास्थ्य र बीमाको व्यवस्था, सामाजिक सुरक्षामा सहभागितालगायत विषयमा छलफल भएको थियो।

नेपाल-कतार संयुक्त समितिको चौथो बैठकमा नेपाली टोलीको नेतृत्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव बिनु बज्राचार्यले गर्नुभएको थियो। नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालयका उपसचिव पुष्पराज भट्टराई र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव डा थानेश्वर भुसाल हुनुहुन्थ्यो। संयुक्त समितिको चौथो बैठकको अध्यक्षता गर्दै मन्त्रालयका सचिव एकनारायण अर्यालले नेपालका तर्फबाट छलफलका विषयलाई कतार पक्षसमक्ष प्रस्तुत गर्नुभएको थियो। त्यस्तै कतारको श्रम मन्त्रालयका सचिव मोहम्मद हसन अल लवाद्लीले नेतृत्व गर्नुभएको टोलीमा अन्तर्राष्ट्रिय समन्वय विभागका प्रमुख हमाद अलि अफिफासहित गृह र श्रम मन्त्रालयका उच्च अधिकारी सहभागी हुनुभएको थियो।

नेपाल र कतारबीच दौत्यसम्बन्ध स्थापना भएको करिब तीन दशक भइसकेको छ। श्रम आप्रवासनलाई व्यवस्थित तथा सुरक्षित गर्न नेपाल र कतारले सन् २००५ मा श्रम सम्झौता गरेका थिए।

# मुस्ताङमा हिमपात

**रासस**
**काठमाडौं, १७ मंसिर**

गएरातिदेखि मुस्ताङमा हिमपातभएको छ। म्याग्दीका उच्च लेकाली क्षेत्रमासमेत शुक्रबार बिहानदेखि हल्का हिमपात सुरु भएको स्थानीय बासिन्दाले बताएका छन्।

लोमान्थाङ गाउँपालिका, लो-घेकर दामोदर कुण्ड गाउँपालिका र मुक्तिनाथ क्षेत्रमा हिमपात भएको र म्याग्दीको गुर्जामा पनि हिमपात सुरु भएको स्थानीयवासी मनबहादुर विकले जानकारी दिनुभयो। माथिल्लो क्षेत्रमा हिमपात भएपछि तल्लो क्षेत्रमा वर्षासँगै कुहिरो र हुस्सु लागेको छ। मुस्ताङको सदरमुकाम जोमसोम र म्याग्दीको सदरमुकाम बेनी आसपास क्षेत्रमा शुक्रबार बिहानैदेखि पानी परेको छ।

वर्षा, हिमपात, हुस्सु र कुहिराका कारण जोमसोम-पोखरा हवाई उडान पनि हुनसकेको छैन। मौसम प्रतिकूल बनेको हुँदा पोखराबाट जहाजले उडान भर्न नसकेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार मुस्ताङमा यो बेला दोस्रो पटक हिमपात भएकाले यहाँको जनजीवनमा समेत असर परेको छ। हिमपात र वर्षाका कारण त्यहाँको तापक्रम माइनसतर्फ झर्दै गइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

मुस्ताङ र म्याग्दीका उच्च लेकाली क्षेत्रमा हिमपात भएपछि तल्लो म्याग्दीमा जाडो बढेको छ। अत्यधिक चिसोका कारण गाउँगाउँका शिवालयमा शतबीज छर्ने भक्तजनलाई समस्या भएको छ। हिउँदे वर्षा गहुँबालीका लागि निकै उपयुक्त हुने स्थानीय तहको कृषि शाखाले जनाएको छ। गहुँबालीका लागि मात्रै नभएर हिउँदे फलफूलदेखि स्याउका नयाँ बिरुवालाई वर्षाका कारण राहत मिलेको छ। अहिले हिउँदे फलफूलका बिरुवा रोप्ने समय भएको र फल लाग्ने हिउँदे फलफूलका लागि पनि वर्षाको आवश्यकता पर्छ। गहुँ छरिसकेका किसान पनि हिउँदे वर्षा भएपछि बाली सप्रने भन्दै खुसी भएका छन्। वर्षाले म्याग्दीको उच्च लेकाली क्षेत्रमा जाडो बढाएको छ।

केही क्षेत्रमा हिमपातसमेत भएको स्थानीयवासीले बताएका छन्। वर्षासँगै जिल्लाको धेरैजसो ठाउँमा जाडो बढेकाले त्यहाँको जनजीवन कष्टकर बनाएको बेनी नगरपालिका-२ का बेदप्रसाद उपाध्यायले बताउनुभयो। जाडोले बालबालिका र वृद्धवृद्धालाई समस्या भएको छ। बिहीबार रातिदेखि जिल्लामा लगातार पानी परिरहेको छ।

# सगोल कास्कीद्वारा रुपामा छात्रबृत्ति तथा सहयोग सामाग्री प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

३० औं अर्न्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा कास्कीको रुपा गाउँपालिकामा छात्रबृत्ति र सहयोगी सामाग्री वितरण गरिएको छ।

पोखरा १५ नयाँगाउँमा रहेको संस्था सगोल कास्कीले दिवसकै अवसर पारेर अपाङ्गता भएका विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरेको हो। अपाङ्गता भएका १६ जना छात्रा र १४ जना छात्र गरी ३० जनाका लागि झोला, कापी, कलम, विद्यालय पोशाक र फेस मास्क सहयोग प्रदान गरिएको सगोल कास्कीका सिबिआर अधिकृत बिमला केसीले जानकारी दिईन्।

छात्रबृत्ति प्राप्त गरेका सबै विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट पोशाक सिलाईका लागि रु पाँच सय प्रदान गरिएको छ। त्यस्तै अपाङ्गता भएका १५ जना नागरिकहरुका लागि आवस्यकता अनुसारका सहयोगी सामाग्री प्रदान गरिएको छ। अपाङ्गताको प्रकृति अनुसार ट्वाईलेट चियर, सेतोछडी, लठ्ठी, र बैसाखी प्रदान गरिएको उनले बताईन्। कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा सवल र आत्मनिर्भर बनाउन गाउँपालिकाले गरिरहेको प्रयासमा विभिन्न संघ संस्थाको पनि उत्तिकै सहयोग मिलेको बताए। गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जनका लागि बाख्रापालन, मौरीपालन, कुखुरापालन लगायत बेलाबेलामा विभिन्न सीपमूलक तालीमहरु समेत आयोजना गर्दै आएको उल्लेख गरे।

कार्यक्रममा बोल्दै गाउँपालिकाकी उपप्रमुख लालसुवा गुरुङले अपाङ्गता भएका व्यक्तिहरुको लागि छुट्टै सहकारी स्थापना गरी आर्थिक उन्नती र विकाशमा ध्यान दिईएको बताईन्। सो अवसरमा रुपा गाउँपालिकाका प्रमुख प्रसासकीय अधिकृत सन्तोष ढुङ्गानाले सार्वजनिक स्थलहरुको भौतिक पूर्वाधार निर्माणका क्रममा अपाङ्गमैत्री संरचना निर्माणमा गाउँपालिकाले जोड दिईरहेको बताए। रुपा अपाङ्गता संरक्षण समितिका अध्यक्ष सन्तबहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा रुपा गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष टेक बहादुर गुरुङ, गोनेसाका प्रज्वल पंगेनी, रुपा गाउँपालिका सामाजिक विकास शाखाका सिता सापकोटा सुवेदी, शिक्षा शाखा प्रमुख सन्दिप पौडेल लगायतले शुभकामना मन्तव्य व्यक्त गरे।

कार्यक्रमलाई रुपा गाउँपालिका, सगोल कास्की र परिलक्षितले समेत सहयोग गरेका थिए भने सगोल कास्कीका सिबिआर अधिकृत बिमला केसीले कार्यक्रमको सञ्चालन गरेकी थिईन्।

# कक्षा १२ को परीक्षाफल सार्वजनिक

**रासस**
**काठमाडौं, १७ मंसिर**

राष्ट्रिय परीक्षा बोर्ड सानोथिमिले शुक्रबार कक्षा १२ को परीक्षाफल सार्वजनिक गरेको छ। बोर्डको शुक्रबार बसेको बैठकले नतिजा सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार कक्षा १२ मा तीन लाख ७४ हजार १५ परीक्षार्थीमध्ये सात हजार ३६ जनाले 'ए' प्लस ग्रेड ल्याएको, ४८ हजार २३९ जनाले 'ए' ग्रेड ल्याएको, ७० हजार एक जनाले 'बी' प्लस र ९९ हजार ५३७ परीक्षार्थीले 'बी' ग्रेड ल्याएका छन्। 'सी' प्लस ग्रेड परीक्षार्थी ७५ हजार ८८ जना र 'सी' ग्रेड ल्याउने २४ हजार ५१५ परीक्षार्थी रहेको उहाँले जानकारी दिनुभयो। बोर्डका अनुसार 'डी' प्लस ल्याउने परीक्षार्थीमा तीन हजार ८७५ रहेका छन् भने 'डी' प्लस ल्याउने परीक्षार्थी २९६ जना छन् भने १० हजार ७३ परीक्षार्थीले 'इ' ग्रेड ल्याएका छन्। परीक्षामा सहभागीमध्ये ४६ जना परीक्षार्थीको सम्पूर्ण विषयको परीक्षा रद्द गरिएको र चार जना परीक्षार्थीलाई आगामी एक वर्षसम्म बोर्डको कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी रद्द गरिएको बोर्डले जानकारी दिएको छ।


**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# २४६ मा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, १७ मंसिर

देशभर पछिल्लो २४ घण्टामा थप २४६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । यस अवधिमा सात हजार ८३६ जनाको पीसीआर परीक्षण गरिएको थियो ।

यससँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षणपछि भएका संक्रमितको संख्या आठ लाख २२ हजार १७२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या ९५ हजार ५६९ पुगेको छ । पछिल्लो समय थप ३४७ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख तीन हजार ७१६ पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्यु नभएको मन्त्रालयले जानकारी गराएको छ । यस रोगबाट हालसम्ममा मृत्यु हुनेको संख्या ११ हजार ५३५ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या ६ हजार ९२१ रहेको छ । हाल होम आइसोलेसनमा छ हजार ५७९, संस्थागत आइसोलेसनमा ३४२, आइसीयुमा १०७ र भेन्टिलेटरमा ३४ जनाको उपचार हुँदैछ । त्यसैगरी पछिल्लो २४ घण्टामा एक लाख ७५ हजार ५६७ जनाले खोप लगाएको पनि मन्त्रालयले जानकारी गराएको छ ।

# वर्षा र हिमपातको सम्भावना

रासस
काठमाडौं, १७ मंसिर

हाल देशमा पश्चिमी वायुसँगै आएको पश्चिमी न्यून चापीय प्रणाली र अरब सागरमा बनेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ ।

उक्त मौसमी प्रणालीको प्रभावले सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी तथा बागमती प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । काठमाडौं उपत्यकाको आकाशमा बिहानैदेखि बदली छ । घाम राम्रो नखुलेका कारण उपत्यकामा बढी चिसो महसुस गरिएको छ । न्यूनतम तापक्रम स्थिर अर्थात् १० डिग्री सेल्सियस रहे पनि बदलीका कारण चिसो बढेको छ । पछिल्लो साता काठमाडौंको न्यूनतम तापक्रम छदेखि आठ डिग्री सेल्सियस हाराहारी थियो । आज काठमाडौंको न्यूनतम १० दशमलव आठ र अधिकतम तापक्रम २१ डिग्री सेल्सियस रहेको छ ।

महाशाखाका अनुसार दिउँसो सामान्यदेखि पूर्ण बदली रही सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र बागमती प्रदेशको पहाडी भूभागको थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा र देशको उच्च पहाडी र हिमाली भेगका केही स्थानमा मध्यमदेखि भारी हिमपातको सम्भावना रहेको छ ।

रातिको समयमा पनि कर्णाली, लुम्बिनी, गण्डकी र बागमती प्रदेशमा सामान्यदेखि पूर्ण बदली रहने छ । देशका बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली रहनेछ । कर्णाली, लुम्बिनी र बागमती प्रदेशका थोरै स्थानमा हल्का वर्षा हुनका साथै देशको उच्च पहाडी र हिमाली भेगका केही स्थानमा मध्यमदेखि भारी हिमपातको सम्भावना रहेको छ ।

शनिबार दिउँसो प्रदेश नं १ र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी भूभागमा आंशिक बदली रहनेछ । प्रदेश नं १ का पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना छ । मङ्सिर १९ गते आइतबार पनि सुदूरपश्चिम र कर्णाली प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली रहनेछ । सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

# राष्ट्रिय नागरिक पार्टीले चप्पल बनाउने तालिम दियो

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर



वैकल्पिक शक्तिको रूपमा राष्ट्रिय राजनीतिको मुलधारमा आउन सक्रिय राष्ट्रिय नागरिक पार्टी कास्की जिल्ला समितिले महिलाहरुलाई व्यवसायीक सिप प्रदान गरि आत्मनिर्भर तथा स्वावलम्बी बनाउने उद्देश्यले आयोजना गरेको ४ दिने कपडाको चप्पल बनाउने तालिम शुक्रबार सम्पन्न भएको छ ।

तालिममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै पार्टीका सहमहामन्त्री सागर कार्कीले प्राप्त गरेको सिपलाई व्यवहारमा उतार्न सबैलाई आग्रह गरेका छन्। आर्थिक, सामाजिक र राजनैतिक परिवर्तनमा महिलाहरुको भुमिका महत्वपूर्ण रहने उल्लेख गर्दै कार्कीले देश विकासको अभियानमा एकजुट हुन सम्पूर्ण महिलाहरुलाई आव्हान समेत गरेका छन् । सहजकर्ता साधना श्रेष्ठको सहजिकरण रहेको उक्त तालिममा दर्जन बढी महिलाहरुको सहभागीता रहेको थियो । कार्यक्रममा सहभागी पुजा दर्जी र साधना श्रेष्ठले समेत बोलेका थिए ।

कास्कीका अध्यक्ष सिर्जनादेवी रिजाल कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सावित्री कार्कीले गरेकी थिइन् ।

# ऐतिहासिक चन्द्रगढीको पुन:निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, १७ मंसिर

पहाडकी रानी उपनाउँले परिचित बन्दीपुर-५ स्थित ऐतिहासिक चन्द्रगढीको पुनः निर्माण गरिएको छ । संरक्षणको अभावमा अलपत्र अवस्थामा रहेको उक्त गढीको गाउँपालिकाको सक्रियतामा संरक्षण गरिएको हो ।

बाइसे-चौबिसे राज्यको पालामा रहेको सो गढी लामो समयदेखि भग्नावशेषरुपमा रहेकाले पुनःनिर्माण गरी संरक्षण गर्न लागिएको बन्दीपुर गाउँपालिका कार्यालयले जनाएको छ । बन्दीपुर गाउँपालिकाले रु पाँच लाख बजेट विनियोजन गरी गढीको पुनःनिर्माण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत पैदलमार्ग निर्माण कार्य अघि बढाइएको छ । उक्त दरबारमा ढाल, खुँडा र तरबार हराउँदै गएकाले गाउँपालिकाले त्यसको संरक्षण गरी आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

चन्द्रकोट गढीको इतिहासको खोजी गरी पर्यटकीयस्थलका रुपमा प्रचारप्रसार गर्ने उद्देश्यले गढीको संरक्षण गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । उक्त गढी पुरातात्विक महत्व बोकेको स्थान भएकाले पुनः निर्माण गरी संरक्षण गरिएको उहाँको भनाइ छ ।

त्यसैगरी बन्दीपुर गाउँपालिका-२ स्थित थानीमाई मन्दिरबाट सुरु गरी मुकुन्देश्वरी डाँडासम्म निर्माण गरिएको करिब चार किलोमिटर दूरीको मिनी ग्रेटवाल पनि पर्यटकको रोजाइ बन्ने गरेको छ । बन्दीपुरले रु एक करोड खर्च गरी चीनको जस्तै भ्रमल्को दिने गरी निर्माण गरेको मिनिग्रेटवालतर्फ पर्यटक आकर्षित हुने गरेका अध्यक्ष थापा बताउनुहुन्छ ।

बन्दीपुरमा 'मिनीग्रेटवाल' निर्माणपछि पर्यटकको आगमनमा वृद्धि भएको छ। अहिले बन्दीपुरमा आन्तरिक र बाह्य गरी दैनिक करिब दुई हजारभन्दा बढी पर्यटक आउन थालेका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । बन्दीपुर गाउँपालिका र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको साझेदारीमा मिनीग्रेटवालको निर्माण प्रक्रिया अघि बढाइएको हो । रु तीन करोड ५० लाखको लागतमा निर्माण प्रक्रिया अघि बढाइएको गाउँपालिकाले जनाएको छ ।

# राष्ट्रिय क्रिकेट : सुदूरपश्चिम प्रदेश फाइनलमा प्रवेश

रासस
काठमाडौं, १७ मंसिर

सुदूरपश्चिम प्रदेशले वाग्मती प्रदेशलाई आठ विकेटले पराजित गर्दै १९ वर्षमुनि (यू-१९) राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा ९६ रनको विजयी लक्ष्य पछ्याएको सुदूरपश्चिमले २३ दशमवल एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो । सुदूरपश्चिमको जीतमा नरेश भट्टले सर्वाधिक ३७ रनको योगदान दिए भने राहुल भण्डारी ३१ रनमा अविजित रहे । त्यस्तै वसन्त कार्कीले ११ रन जोड्दा खड्कबहादुर बोहराले पाँच रन जोडे । बलिङतर्फ वाग्मतीका गौतम केसी र प्रतिश जिसीले एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको वाग्मती ३० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ९५ रनमा समेटियो । वाग्मतीका विवेक रानामगरले सर्वाधिक ३२ रनको योगदान दिए भने कृश कार्कीले १७ रन जोडे ।

त्यसबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । सूयांशु कोइराला आठ, उत्तम थापा छ, प्रशान्त महत एक, प्रतिश जिसी छ, गौतम केसी सात तथा विपुल खनाल तीन रनमा आउट भए ।

सुदूरपश्चिमका हेमन्त धामी एक्लैले पाँच विकेट लिए भने शेर मल्लले चार विकेट लिए । सुदूरपश्चिम लिगमा दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको हो । लिगको शीर्ष स्थानमा भने लुम्बिनी प्रदेश रहेको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशबीचको फाइनल खेल यही मङ्सिर १९ गते आइतबार हुनेछ ।

# बागलुङको पर्यटन चिनाउन पुस्तक र डकुमेन्ट्री

पोखरापत्र संवाददाता
बागलुङ, १७ मंसिर

बागलुङमा रहेका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचान गराउन बागलुङ पर्यटन विकास समितिले अग्रसरता देखाएको छ ।

यसका लागि जिल्लाका पर्यटकीय गन्तव्य समावेश गरिएको जानकारीसहितको पुस्तक तथा डकुमेन्ट्री निर्माण गर्न थालिएको समितिले जनाएको छ । कोरोनाअघि जिल्लामा पर्यटन बोलाउन होटल व्यवसायीसँगको साझेदारीमा पर्यटन विकास समिति पोखरा हुँदै बन्दीपुरको भ्रमणसमेत गरेको थियो । समितिले पर्यटकको सन्तुष्टिका लागि आवश्यक कुरा भ्रमणका क्रममा पर्यटन व्यवसायीले सिकेको बताउँछ । समितिको बैठकले पर्यटनसम्बन्धी कलम चलाइरहेका बागलुङका पत्रकारको सहयोगमा पर्यटकीय गन्तव्य समावेश गरेको पुस्तक तथा डकुमेन्ट्री निर्माण गर्न थालेको समितिका अध्यक्ष राजु खड्काले जानकारी दिनुभयो । "कोरोनाअघि पर्यटनको प्रवर्द्धनका लागि केही कामको सुरुआत गरेका थियौँ, तर कोरोनामा अली सेलायौँ, तर पुनः अहिले पर्यटकीय क्षेत्रको दस्तावेजका लागि पुस्तक र प्रचारप्रसार गर्नका लागि भिडियो डकुमेन्ट्री उत्पादन गर्न थालेका हौँ ।"

समितिले पहिलो चरणमा पुस्तक र दोस्रो चरणमा डकुमेन्ट्री बनाउने लक्ष्य राखेको छ । सरकारले घोषणा गरेका जिल्लाभित्रका पर्यटकीय गन्तव्य तथा प्रदेश सरकारले घोषणा गरेका गन्तव्यसमेत उक्त पुस्तकमा समावेश हुनेछन् । त्यस्तै जिल्लाका ग्रामीण क्षेत्रमा रहेर लोपोन्मुख कला, संस्कृति पनि पुस्तकमा जानकारीका रुपमा राखिने जनाएको छ । पुस्तक तथा डकुमेन्ट्री निर्माणका लागि पत्रकार प्रकाश बलासका संयोजनमा राम थापा, किरण आचार्य र खेमराज गौतम रहनुभएको समिति गठन गरिएको छ। पुस्तकमा लुकेर रहेका हम्फै, पुतलीलगायतका नाचलाई समावेश गरिनेछ । जिल्लाका पर्यटकीयस्थलको एकमुष्ठ जानकारी अहिलेसम्म नभएकाले पुतली बनाउन लागिएको छ । समितिको आन्तरिक स्रोतबाट पुस्तक बनाइनेछ । पुस्तक तथा डकुमेन्ट्रीलाई पर्यटन सम्बद्ध सङ्घसंस्था, पालिका र सरकारबाट पनि साथ र सहयोग पाउने समितिको आशा रहेको छ । सरकार र गण्डकी प्रदेश सरकारसमेतले दर्जनबढी स्थानलाई पर्यटकीय गन्तव्यका रुपमा सूचिकृत गरेका छन् । बागलुङ कालिका, पञ्चकोट, ढोरपाटन, भकुण्डे, गाजाको दह, घुम्टे र शालग्राम सङ्ग्रहालय जस्ता स्थान गन्तव्यमा सूचिकृत छन् ।

# थ्रीस्टार र फ्रेन्ड्स क्लबबीचको खेल बराबरी

रासस
काठमाडौं, १७ मंसिर

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअर्न्गत आजदेखि सुरु भएको तेस्रो चरणको पहिलो खेलमा थ्रीटार क्लबले फ्रेन्ड्स क्लबसँग बराबरी खेल्दै अङ्क बाँडेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रबार भएको खेलमा थ्रीस्टार र फ्रेन्ड्स क्लबको खेल १-१ गोलको बराबरीमा टुङ्गिएको हो । दुवै टोलीले एक/एक अङ्क बाँडेका छन् । खेलमा पहिलो अग्रता भने फ्रेन्ड्स क्लबले लिएको थियो । खेलको ५१औँ मिनेटमा फ्रेन्ड्सका नाथनिल जुड ग्रासियाले एक गोल गरे । कप्तान प्रकाश बुढाथोकीको क्रसमा फ्रेन्ड्सका ग्रासियाले हेडमार्फत गोल गर्दै फ्रेन्ड्सलाई पहिलो अग्रता दिलाएका हुन ।

त्यस्तै थ्रीस्टारका लागि भने मिक्छेन तामाङले गोल गरे । उनले खेलको ८३औँ मिनेटमा एक गोल फर्काउँदै खेललाई १-१ को बराबरीमा ल्याए । यस बराबरी खेलसँगै थ्रीस्टारले तीन खेलबाट चार अङ्क जोडेको छ । समान खेल खेलको फ्रेन्ड्सको भने दुई अङ्क छ । यसअघि पहिलो खेलमा थ्रीस्टारले च्यासल युथ क्लबलाई ३-० गोलअन्तरले पराजित गरेको थियो भने दोस्रो खेलमा सातदोबाटोसँग १-० गोअन्तरले पराजित भएको थियो ।

यस्तै फ्रेन्ड्स क्लबले पहिलो खेलमा सातदोबाटोसँग गोलरहित बराबरी खेलको थियो भने दोस्रो खेलमा सङ्कटा क्लबसँग २-१ गोलअन्तरले पराजित भएको थियो ।

# भारतमा ओमिक्रोन भेरियन्ट भेटिएसँगै उच्च सतर्कता अपनाउन डब्लुएचओको आग्रह

रासस
काठमाडौं, १७ मंसिर

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का दक्षिणपूर्वी एसियाका क्षेत्रीय निर्देशक डा पुनम खेत्रपाल सिंहले भारतमा कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट भेटिएसँगै उच्च सतर्कता अपनाउन आग्रह गर्नुभएको छ ।

उहाँले विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, 'यसले सबै देशलाई निगरानी बढाउन, सतर्क रहन, कुनै पनि आयातलाई तीव्ररूपमा पत्ता लगाउन र भाइरसको थप फैलावटलाई रोक्न कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।' उहाँका अनुसार भारतमा पहिलो पटक दुई जनामा ओमिक्रोन भेरियन्ट संक्रमित पुष्टि भएको छ । उहाँले ओमिक्रोन भेरियन्ट कोरोनाको अन्य भेरियन्टजस्तै प्रतिकार्य गर्न सकिनेसमेत बताउनुभयो ।

उहाँले सरकारले व्यापक र अनुकूल जनस्वास्थ्य तथा सामाजिक उपाय तथा जनसमुदायबाट रोकथाम र सावधानीका उपायको कडा पालना गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले मानिसले आफ्नो नाक र मुख राम्ररी छोप्नुपर्ने र राम्रोसँग ठिक हुने मास्क लगाउनसमेत आग्रह गर्नुभयो । उहाँले खोप लगाएपछि पनि सबै सावधानी अपनाउन जारी राख्न आग्रह गर्नुभएको छ । ओमिक्रोन भेरियन्टमा धेरै संख्यामा उत्परिवर्तन रहेका र तीमध्ये केही चिन्ताजनक रहेको भन्दै उहाँले विश्वभरका अनुसन्धानकर्ताले ओमिक्रोनको सर्नसक्ने गुण, गम्भीरता र प्रतिरक्षा क्षमताबारे राम्रोसँग बुझ्नका लागि अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

# विद्यालयलाई सहयोग जुटाउँदै पूर्वविद्यार्थी

पोखरापत्र संवाददाता
दमौली, १७ मंसिर

तनहुँको भानु नगरपालिका-१३ स्थित अरनिको माध्यमिक विद्यालयमा अध्ययरत पूर्वविद्यार्थी विद्यालयलाई सहयोग जुटाउन कस्सिएका छन् । अङ्ग्रेजी माध्यमबाट विद्यालय सञ्चालन गराउन आवश्यक पर्ने रकम जुटाउन उनीहरुले अभियान नै सुरु गरेका हुन् ।

अङ्ग्रेजी माध्यममा पठनपाठनका लागि विद्यालयको आर्थिक स्रोतले नभ्याउने भएपछि सहयोग सङ्कलन अभियान थालिएको पूर्वविद्यार्थी मञ्चका अध्यक्ष गलबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार मञ्चको आग्रहमा हालसम्म डेढ लाखभन्दा बढी रकम सङ्कलन भएको छ । वार्षिकरुपमा एक लाख बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्ने र त्यसका लागि विद्यालयको आर्थिक स्रोतले नसकिने भएपछि पूर्वविद्यार्थी कोष स्थापना गरी अभियान थालिएको उहाँले बताउनुभयो । "अभियानमा देश तथा विदेशबाट सहयोग जुटिरहेको छ, विद्यालयका पूर्वविद्यार्थीले पनि सहयोग गरेका छन्", उहाँले भन्नुभयो । बुधबार मात्र भानु-१२ आहाले घर भई अमेरिकामा रहनुभएका राजुविक्रम अधिकारीले रु ५० हजार सहयोग गर्नुभएको छ । त्यस्तै भानु -१३ तीनघरे घर भई सोही देशमा रहनुभएका राजु अधिकारीले रु ५१ हजार सहयोग गर्नुभएको छ । यसअघि विभिन्न व्यक्तिबाट प्राप्त रु ६० हजार विद्यालयलाई हस्तान्तरण गरिसकिएको मञ्चका सचिव रामकृष्ण कुँवरले जानकारी दिनुभयो ।

हालसम्म पोखरीछाप घर भई अष्ट्रेलिया रहेका प्रेम गुरुङले २५ हजार, खड्कागाउँका प्रकाश थापाले रु दश हजार, बर्खौलाका प्रेम गुरुङले पाँच हजार ५००, पुलिमराङ्का युवराज गुरुङले पाँच हजार, महम्मद तालिम मियाले पाँच हजार पाँच, मोहोरिया खड्कागाउँ घर भई दुबई रहेका रविन खड्काले रु १० हजार सहयोग गर्नुभएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मानसिक तनाव |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## विमा लेख हरायो

कास्की जिल्ला साविक निर्मलपोखरी गा.वि.स. वडा नं. ९, हाल पोखरा-२१ स्थायी घर भई हेटौडा बस्ने कृष्ण प्रसाद पराजुलीको नेपाल लाइफ इन्स्योरेन्स कं. लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हेटौडाबाट पोखरा आउँदा २०७८/०५/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
विमा लेख नं. ३०१०११९०५ अभिकर्ता नं. ०२३९७३०१
सम्पर्क : नेपाल लाइफ इन्स्योरेन्स कं. लि. पोखरा शाखा
फोनः ९८४५६३८०५५, ९८५६०१५८१६

## सराङकोट सहकारी १५औ बर्षमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**



सराङकोट बहुउद्देश्यीय सहकारी को १५ औ बार्षिक उत्सवको अवसरमा साताब्यापी कार्यक्रम शुक्रबारदेखि सुरु भएको छ।

संस्थाको स्थापना देखि रेडियो सराङकोटको प्रसारण सामाजिक उत्तरदायित्वका लागी बिविध सामाजिक शिक्षा, स्वास्थय वातवरण मैत्री सदस्य सेवा कार्यक्रमहरु गरिदै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए। संस्थाले बार्षिक उत्सवको अबसर पारी विधार्थीहरुलाई शैक्षिक पोशाक वितरण, रक्तदान, स्टार डाग्नोष्टिक सेन्टर को सहकार्यमा होलबोडी चेकअप र रगत परिक्षण गरिने भएको छ।


साताब्यापी कार्यक्रम अर्न्तगत एमेन्जल विधालयमा शैक्षिक पोशाक वितरण गरीएको छ । विधालयको सिफारिसमा शिक्षा समिति मार्फत विधार्थीको आवश्यकता अनुसार पोशाक वितरण गरीएको कार्यक्रम संयोजक जयराम पौडेलले बताए।

यहि मंसिर २५ गते वार्षिक उत्सवको समापन सहित रक्तदान , रगतको परिक्षण मार्फत सम्पूर्ण रोगको परिक्षण गरीने र सो मा ६० प्रतिशत सम्म छुट दिने संस्थागत रुपमा संस्थाबाट दिने कार्डको आधारमा ४ बर्ष सम्म छुट सेवा दिने योजना रहेको स्टार डाग्नोष्टिक सेन्टरका अध्यक्ष अर्जुन ज्ञवालीले बताए। संस्थाले सेयर सदस्य तथा कर्मचारीका सम्पूर्ण परिवारका लागी स्वास्थय सेवा छुट स्वास्थय बिमा सहित बिभिन्न ब्यवसायिक फर्महरुबाट छुट सुबिधा दिदै आएको संस्थाका ब्यवस्थापक सुरेन्द्र थापाले बताए।

संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापत्तित्वमा भएको कार्यक्रममा बिधालयका प्रचार्य दिनेस गौतम रेडियो सराङकोटका ब्यवस्थापक योगेन्द्र श्रेष्ठ, शिक्षा समिति सदस्य घनश्याम गौतम लगायतले आ आफ्नो धाराणा राखेका थिए। २०६३ मा स्थापना भएको सहकारीले ४४ करोड ऋण लगानी ७ करोड सेयर पुजी सहित ५३ करोड को कुल कारोवार गर्दै आएको छ।

## गलेश्वरमा शतबीज रोपण र दीपदान गर्नेको भीड

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ मंसिर**



पश्चिम नेपालको पशुपतिनाथका रूपमा चिनिएको म्याग्दीको प्रसिद्ध गलेश्वर शिवालय परिसरमा शुक्रबार बालाचतुर्दशीका दिन शतबीज छर्ने र दीपदान गर्नेको भीड लागेको छ।

म्याग्दीको सदरमुकाम बेनीबजारदेखि तीन किलोमिटर उत्तरमा पर्ने मुक्तिनाथ प्रवेशद्वारका रूपमा रहेको गलेश्वरधाममा गए रातिदेखि नै टाढाटाढाबाट भक्तजन आएका थिए । बालाचतुर्दशी पर्वलाई शतबीज रोपण पर्वका रूपमा लिँदै विशेषगरी पितृ उद्धारका लागि उनीहरूको सम्झनामा शतबीज छर्ने चलन छ।

कालीगण्डकी नदीमा स्नान गरी धान, जौँ, तिल, गहुँ, चना, मकै, कागुनोलगायत सातथरिका बीउ छर्न आएका भक्तजनको घुइँचो लागेको हो। यसैगरी शतबीजमा केरा, उखु, सुन्तला, अनार, भोगटे, कागती निबुवा, बिमिरो, अमला आदि फलका साथै विभिन्न किसिमका फूल पनि हुने गर्छन्। गलेश्वरमा शतबीज छर्नका लागि म्याग्दीको विभिन्न गाउँका साथै पर्वत, बागलुङ, मुस्ताङ, कास्की, चितवन, नवलपरासीलगायतका स्थानबाटसमेत भक्तजन आएका गलेश्वर क्षेत्र विकास कोषले जनाएको छ। द्वापरयुगमा सतिदेवीको गला पतन भएको मानिने गलेश्वरमा शतबीज छर्नका लागि हजारौँ भक्तजन आएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका भीमनाथ पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार गलेश्वरमा रातभरि भजनकीर्तन गर्दै जाग्राम बसेर बालाचतुर्दशीका दिन बिहानै कालीगण्डकी स्नान गरी पितृको स्मरण गर्दै दीपदानसहित शतबीज छर्ने प्रचलन छ।

दुई वर्षअघिसम्म गलेश्वरमा पूजाआजाका साथै बालाचर्तुदर्शीको अवसरमा घुम्ती ब्यापार मेलासमेत लाग्ने गर्दथ्यो। तर कोभिड-१९ को सङ्क्रमणका कारणले गत वर्ष र यस वर्ष मेला र घुम्ती व्यापार भने सञ्चालन गरिएको छैन।

## कृषि र शिक्षाका लागि एक करोडको अक्षयकोष

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ मंसिर**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्थित शिख माविमा कृषि र अध्ययनका लागि एकै परिवारका तीनभाइले रु एक करोडको अक्षयकोष स्थापना गर्नुभएको छ।

बेलायती सेनाबाट अवकाशप्राप्त मेजर डिल्लीराज गर्बुजाले शिख माविको ६७औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा शिख, स्वात, फलाते, किन्दुको शिक्षा र कृषि क्षेत्रको विकासका लागि रु एक करोडको अक्षयकोष स्थापना गरिएको घोषणा गर्नुभएको हो।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहनुभएका गर्बुजाले आफू र आफ्ना भाइहरू क्याप्टेन उमेशकुमार गर्बुजा र शिखतानी समाज युकेका पूर्वअध्यक्ष दानबहादुर गर्बुजाको तर्फबाट कोष स्थापना गरिएको जानकारी दिनुभयो। शिख माविबाट कक्षा १२ मा उत्कृष्ट नम्बर ल्याएर उत्तीर्ण हुने विद्यार्थीलाई उच्च शिक्षामा सघाउने र कृषिलाई प्रवर्द्धन गर्न कोष परिचालन गरिने उहाँको भनाइ छ । डिल्लीराज गर्बुजा, उमेश र दानबहादुर एकै परिवारका दाजुभाइ हुनुहुन्छ। दाजुभाइ मिलेर कोष बनाएको डिल्लीराजले बताउनुभयो। शिखमा जन्मिनुभएका उहाँहरू बेलायतमा बस्नुहुन्छ । कोषको ब्याजबाट विद्यार्थी र शिखतानी समाजमा धेरै आलु उत्पादन गर्ने कृषकलाई वार्षिकरूपमा पुरस्कृत गर्ने उहाँले बताउनुभयो।


### अधिकृत वारेसनामा वदरसम्बन्धी सूचना

*प्रकाशित मिति : २०७८/०८/१८ गते*

म हरि बहादुर गुरुङले मिति २०७४ भाद्र ९ गतेका दिन बेलायत स्थित नेपाली राजदुतावासमा उपस्थित भई मेरो नाउँको लमजुङ जिल्ला साविक भोटेवडार गा.वि.स. वडा नं. ८ को हाल सुन्दर बजार न.पा. वडा नं. ९ को कित्ता नं. २७९२ क्षे.फ. ८-२-३-० को दोयम खेत कित्ता - १ जग्गा विक्री गर्ने प्रयोजनका लागि तपाई सूर्य बहादुर गुरुङलाई अधिकृत वारेशनामा दिएको मा सो जग्गा मैले हाल विक्री नगर्ने भएको हुँदा सो अधिकृत वारेशनामा निष्प्रयोजन भएकोले मिति २०७४/०५/०९ मा बेलायत स्थित नेपाली राजदुतावासबाट प्रमाणित गरिदिएको अधिकृत वारेशनामा साविकको मु.ऐन अ.व. ७१ (ग) (३) तथा हाल मौजुदा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ (१) (ग) बमोजिम आजैका मितिदेखि लागु हुने गरि वदर गरेको सम्बन्धी यो अत्यन्त जरुरी सूचना जानकारीका लागि प्रकाशित गराएको छु ।

**सूचना प्रकाशित गर्ने :**
हरी बहादुर गुरुङ
लमजुङ जिल्ला साविक इलमपोखरी गा.वि.स.
वडा नं. ३ को हाल दुधपोखरी गा.पा. वडा नं. ३


## पर्यटकको रोजाइमा घलेगाउँ

**–जनक श्रेष्ठ**
**लमजुङ, १७ मंसिर(रासस)**



समुन्द्री सतहदेखि दुई हजार १०० मिटर उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण दक्षिण एशियाकै नमूना घलेगाउँ यतिबेला पर्यटकको रोजाइमा पर्न थालेको छ। क्व्होलासोथर गाउँपालिका-३ घलेगाउँमा आन्तरिक पर्यटकले यहाँ सञ्चालन गरेका घरबास (होमस्टे) भरिभराउ हुन थालेका छन्।

गत वर्ष यस समयमा कोरोना सङ्क्रमणको जोखिमका कारण सुनसान रहेको घलेगाउँ यस वर्ष भने पर्यटकको आगमन दैनिक बढ्दो छ । यहाँ दैनिक १०० देखि १५० पर्यटक आउने गरेको र शुक्रबार, शनिबार तथा बिदाका समयमा ३०० देखि ४०० आन्तरिक पर्यटक आउने गरेको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका सचिव उमलबहादुर विकले बताउनुभयो । गत मङ्सिरमा पर्यटक नआउँदा चिन्तित भए पनि यस वर्ष पर्यटक वृद्धि हुँदा घरबास सञ्चालकलाई पर्यटक सत्कारमा फुर्सद नभएको उहाँको भनाइ छ । घरबास सञ्चालक दीर्घराज घलेले भन्नुभयो, "हामी गत वर्ष पर्यटक नहुँदा कसरी परिवारको गुजारा चलाउने भन्ने चिन्तामा थियौँ, यस वर्ष पनि के हुन्छ भन्दै सोचिरहे पनि यतिबेला पर्यटकको आगमनले हौसला मिलेको छ।" पर्यटकले गाउँ नै भरिभराउ भइरहेको घलेगाउँका घरबास सञ्चालकको भनाइ छ। प्रकृतिले सुन्दर रहेको घलेगाउँमा विभिन्न हिमाल, संस्कार संस्कृति, गुरुङ समुदायको वेषभूषा, जैविक परिकार, एतिहासिकस्थललगायत ठाउँ हेर्न तथा अध्ययनका लागिसमेत पर्यटक आउने गरेको समितिका अध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर घलेले बताउनुभयो।

यहाँ नेपालकै उत्कृष्टमध्ये एक भएकाले पर्यटकको आकर्षणको केन्द्र बनिरहेको उहाँको भनाइ छ । मङ्सिरमा अधिकांश स्थानीय खेतीपाती थन्काउनमै ब्यस्त भइरहे पनि घलेगाउँका स्थानीय भने पर्यटक स्वागत सत्कारमा व्यस्त हुँदा आम्दानीसमेत राम्रो गर्दै आइरहेका छन्।

विसं २०५६ देखि सुरु भएको ग्रामीण पर्यटन प्रवर्द्धनका प्रयासबाट १२ घरबाट अघि बढेको घरबास यतिबेला यहाँ ३७ घरमा सञ्चालनमा छ । घलेगाउँमा पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासका लागि हालसम्म करोडौँ रुपैयाँ घलेगाउँवासी र सरकारले खर्च गरिसकेका छन्। यहाँ प्रतिपर्यटक रु एक हजार १०० मा खान तथा बस्न र सुत्ने व्यवस्था रहेको बताइएको छ।

घरबासमा आएका पर्यटकलाई सत्कार सँगसँगै आफ्ना कलासंस्कृति जोगाइराख्न जुटेका गुरुङसेनीको जातीय पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायत लोपोन्मुख सांस्कृति नृत्यसमेत प्रस्तुत हुने गर्दछ। यहाँ आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका जैविक चामल, मकै, कोदो, भटमास, रायाको साग, सिस्नोको खोले, लोकल कुखुरा, खसीबोका, भेडाको मासु लगायत परिकार खुवाउने गर्दछन् । घलेगाउँबाट ६९८६ मिटर उचाइको लमजुङ हिमाल, ७९३५ मिटर उचाइमा रहेको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल(चौथो), ६९६३ मिटर उचाइमा रहेको माछापुच्छ्रे हिमाल, ८१६३ मिटर उचाइमा रहेको मनास्लु हिमाल, ७८९३ मि उचाइमा रहेको हिमालचुली, ७८३५ मिटर उचाइमा रहेको ङादीचुली (डा हर्क हिमाल) र ६६७२ मिटर उचाइमा रहेको बुद्ध हिमाल देख्न सकिन्छ । सूर्योदयको मनोरम दृश्य, सूर्यास्तको दृष्यावलोकन, गुरुङ समुदायको परम्परागत गुरुङ घर, घले राजाको शालिक, गुरुङ सङ्ग्रहालय, क्वोइवो धीं,सात कुवा, चिया बगान, भिर मौरी, वनझाङ्ग्री छहरालगायत स्थानसमेत घलेगाउँमा देख्न सकिन्छ । घलेगाउँसम्म पुग्ने सडक पूर्वाधारकोसमेत विकास भइरहेको छ।

## ग्रामीण सडकः केही दिनको खुसी, वर्षौंको पीडा

**–ध्रुवसागर शर्मा**
**गलेश्वर, १७ मंसिर (रासस)**

पछिल्लो समय गाउँगाउँमा सडक पुर्‍याउने होडबाजी चलिरहेको छ । 'गाउँमा सडक पुर्‍याउन पाए सबै सुविधा आफैँ आउँथे' भन्ने मानसिकताले सडक बनाउन पालिकाले पनि प्राथमिकतामा परेका छन्। सरकारी मापदण्डको ख्यालै नगरी डोजर चालकलाई नै इञ्जिनीयर बनाई गाउँगाउँमा ग्रेड नमिलाई खनिएका साँघुरा सडक मृत्युका कारक पनि बनिरहेका छन् । यस्ता सडकले केही दिनसम्म खुसी दिए पनि वर्षौंसम्म पीडाका कारण बनेका उदाहरण देखिएका छन्।

गत मङ्सिर १३ गते सोमबार साँझ म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा भएको बोलेरो जीप दुर्घटना । साँघुरो र घुम्ती नपुगेको सडक नै दुर्घटनाका प्रमुख कारण मानिएको प्रारम्भिक अध्ययनले देखाएको छ। जिल्ला सदरमुकाम बेनीबाट उत्तरी म्याग्दीको बेग जाँदै गरेको ग१ज ७२५१ नम्बरको बोलेरो जीप घाप्पा औँलको उकालो मोड नपुग्ने घुम्तीबाट करिब ३०० मिटरभन्दा तल खसेर दुर्घटनामा परेको थियो । उक्त दुर्घटनामा परेर चार जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बेगका स्थानीय खिम पुन, खिमानन्द शर्मा, जीपका चालक दूतबहादुर थापा र वडा सदस्य गौमायाँ विश्वकर्मा रहनुभएको छ भने अन्य चार जना घाइते भएका छन् । बाटो साँघुरो भएकाले घुम्तीमा मोड नपुगेर पछि सर्ने क्रममा दुर्घटनामा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख इन्द्रबहादुर नेपालीले जानकारी दिनुभयो "उकालो, साँघुरो र चिप्लो सडक दुर्घटनाका कारण देखिएको छ, अधिकांश दुर्घटनामा जीर्ण सडकमा चालकले सावधानी अपनाउन नसकेको देखिन्छ", उहाँले भन्नुभयो। यसैगरी गत साउन १५ गते धवलागिरि गाउँपालिका-७ धारापानी नजिकै पर्ने बादिकाको भिरमा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको थियो भने आठ जना घाइते भएका थिए । ताकमदेखि दरबाङतर्फ आउँदै गरेको ग१ज ६८०५ नम्बरको जीप बादिकाको भिरमा दुर्घटनामा परेको थियो। अक्करे पहाडमा बनाइएको सडकको ग्रेड मिलेको छैन भने सडक साँघुरो रहेको छ।

यसअघि गत असार १६ गते बेनीदेखि मङ्गला गाउँपालिका-१ पूर्णगाउँतर्फ जाँदै गरेको ग १ज ७६५२ नम्बरको जीप सोही गाउँपालिका- २ सिमलचौरको मिठौला, नेवारेखोलामा दुर्घटना हुँदा जीपमा सवार दुई जनाको मृत्यु भएको थियो भने छ जना घाइते भएका थिए।

उक्त दुर्घटनामा समेत जीर्ण सडक नै दुर्घटनाका कारण मानिएको थियो । जिल्लामा विस्तार भएका ग्रामीण सडक अधिकांश मापदण्डविपरीत विस्तार भएका छन्। प्राविधिक सर्वेविना डोजर चालकको भरमा मापदण्ड पूरा नगरिकन विस्तार भएका सडक जीर्ण, साँघुरा र ग्रेड नमिलेका छन् । जिल्लामा हरेक वर्ष दुर्घटनाको सङ्ख्या र त्यसमा हुने मानवीय क्षति बढ्दो रहेको तथ्याङ्कमा देखिएको छ।

चालू आर्थिक वर्षको मङ्सिर १५ गतेसम्ममा जिल्लामा पाँच वटा सवारी दुर्घटना हुँदा छ जनाको मृत्यु भइसकेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार, आव २०७५/०७६ मा सात वटा सवारी दुर्घटना भएका थिए भने दुई जनाको ज्यान गएको थियो। त्यसैगरी आव २०७६/०७७ मा १३ वटा सवारी दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको थियो । आव २०७७/०७८ मा १२ वटा सवारी दुर्घटना भएका थिए भने आठ जनाको मृत्यु भएको कार्यालय प्रमुख नेपालीले जानकारी दिनुभयो । दुर्घटना न्यूनीकरणका लागि ट्राफिक जनचेतना र जाँचमा कडाइ गरिए पनि सडकको जीर्ण अवस्था र चालकको लापरबाहीले दुर्घटनालाई कम गर्न चुनौती थपिएको उहाँको भनाइ छ। एक नगरपालिका र ५ गाउँपालिकामा रहेका ४५ वटा वडामध्ये जिल्लामा धवलागिरि -१ गुर्जाबाहेक अन्य सबै वडामा कच्ची सडकको सञ्जालले जोडिएको छ । जिल्लाभर हालसम्म ५७२ किलोमिटर बढी कच्ची सडक विस्तार भइसकेको छ भने जिल्लाभरमा जम्मा नौ किलोमिटर सडकमात्रै कालोपत्र गरिएको छ । अहिले स्थानीय तहको पहलमा गाउँमा आफ्नो बाटो आफैँ बनाउन स्थानीय बासिन्दा लागिपरेका छन्। यसरी स्थानीयवासी नै अग्रसर भएर निर्माण गरिने ग्रामीण सडकमा डोजर चालक नै इञ्जिनीयर बन्छन् । यस्ता सडक वर्षात्का समयमा अभिसाप बन्दै गएका छन् । हरेक सडकमा वर्षा लागेसँगै पहिरो जान्छ। पहिराबाट धेरै धनजनको क्षति हुने गरेको स्थानीय बासिन्दाले बताएका छन्। ग्रामीण भेगमा रहेका हरेक बस्तीमा सडक पुगेपछि सडक पुगेको पहिलो वर्ष स्थानीय हर्षित हुने गरे पनि खुसीको सीमा केही महिनामा टुट्ने गरेको मङ्गला गाउँपालिका अर्मनका श्रीधर सापकोटाले बताउनुभयो। उहाँको घरमाथिबाट खनिएको सडकका कारण वर्षा हुँदा अन्यत्र गएर बस्नुपर्ने अवस्था आएको छ । घरमाथिबाट पहिरो खसेका कारण आफू विस्थापित भएर बैंसी घरमा बस्न बाध्य भएको उहाँले गुनासो गर्नुभयो। विकासको पहिलो खुड्किलो नै सडक भएपछि ग्रामीण भेगमा हरेक गाउँ बस्तीमा सडक पगेपछि स्थानीयको खुसी वर्षा लागेसँगै पीडामा बदलिएको छ। गाउँस्तरमा खनिएका सडक मनोमानी खनिँदा पछिल्ला वर्ष सडक नै काल बन्दै गएपछि जिल्लाका स्थानीय त्रसित भएका छन् । ग्रामीण सडकमा स्थानीयबीच असहमति हुँदा चालक नै इञ्जिनीयर बनेर सडक निर्माण गरिएका हुन्छन् । हरेक सर्वसाधारणको घरपायक पुर्‍याउनुपर्ने भएका कारण सडक मापदण्डविपरीत खनिन्छन् र केही समयको खुसी एक दुई महिना नबित्दै पीडामा परिणत भएको बेनी नगरपालिका- ६ का वडाध्यक्ष कृष्णबहादुर बानियाँले बताउनुभयो । पहाडी भूगोलमा सडक मनोमानी तरिकाले खनिएपछि ग्रामीण बस्ती पहिराकोसमेत उच्च जोखिममा रहेका छन्।

कृषितथावडास्तरीयसडकमा इञ्जिनीयरिङ मापदण्डलाई ख्यालै नगरी उपभोक्ता समिति र डोजर चालक आफैँ इञ्जिनीयर बनेर सडक खन्ने गरेपछि जिल्लाका धेरै स्थानमा ठूल्ठूला पहिरोसमेत गएका छन् । सर्वसाधारणको मनखुसी भएका कारण नै ग्रामीण बस्तीमा सडक मनोमानी र मापदण्डविपरीत भएको डोजर चालक बताउँछन्। जसरी पनि भनेको ठाउँमा सडक पुर्‍याउनुपर्छ भनेपछि आफूहरूले सडक भनेकै स्थानमा पुर्‍याउने गरेको एक चालकले बताए । सडककै कारण गएको पहिरामा परी म्याग्दीमा विगत तीन वर्षको अवधिमा ३७ वटा सवारी दुर्घटना भएका छन् भने ३० जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालयको तथ्याङ्क छ । विशेष गरी सडक ग्रेडको उचाई धेरै भएको प्राविधिक बताउँछन्। कृषि सडकमा ग्रेड हाइट बढीमा १२ डिग्रीसम्म हुनुपर्नेमा ३५ डिग्रीसम्म खनिएका छन्। यस्ता सडकमा गाडी चल्न मुस्किल हुने र दुर्घटना बढी हुने प्राविधिकको भनाइ रहेको छ।